# जिराभवानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सेढवा, पर्सा
प्रदेश नं. २, नेपाल

सूचना ! सूचना !! सूचना !!!

## जिराभवानी मेला ठेक्का सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७७।११।१३ गते)

प्रस्तुत बिषयमा यस जिराभवानी गाउँपालिकाको वडा नं. १ मा रहेको जिराभवानी मन्दिरमा प्रत्येक वर्ष झैं यस पटक पनि ऐतिहासिक मेला लाग्ने भएकोले मेला अवधिभरको लागी मेला ठेक्कामा लगाई कर उठाउने प्रयोजनको लागी स्थानीय सरकार संञ्चालन ऐन, २०७४ अनुसार देहायमा उल्लेखित शर्त बमोजिम गोप्य शिलबन्दी ठेक्का अह्वान गरिएको छ। इच्छुक व्यक्ति, फर्म वा कम्पनीले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र ठेक्का सम्बन्धी दररेट खरिद गरी गोप्य शिलबन्दी ठेक्कामा भाग लिन इच्छुक सर्वसाधारण सबै महानुभावहरुमा जानकारीको लागि दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का सुचना नं. | ठेक्का नाम | स्थान | न्युनतम कबोल अंक | ठेक्का फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | जिराभवानी मेला | वडा नं.१ र २ | ३,४६,५००/- | ५००/- |

**तपसिल**

क) गोप्य शिलबन्दी ठेक्का फाराम बिक्री हुने मिति : २०७७।११।१३ देखि २०७७।११।२० गते सम्म दिउँसो ५ बजे सम्म।

ख) गोप्य शिलबन्दी ठेक्का फाराम बुझाउने मिति :२०७७।११।२१ गते सम्म दिउँसो १२:०० बजे सम्म।

ग) गोप्य शिलबन्दी ठेक्का फाराम खुल्ने मिति : २०७७।११।२१ गते दिउँसो १:०० बजे।

घ) गोप्य शिलबन्दी ठेक्का फाराम बिक्री हुने, बुझाउने स्थान : जिराभवानी गाउँपालिकाको कार्यालय, सेढवा, पर्सा।

ङ) शिलबन्दी ठेक्का फाराम खोल्ने स्थान: जिराभवानी गाउँपालिकाको कार्यालय, सेढवा, पर्सा।

**तपसिल शर्तहरु**

१. ठेक्का लिने व्यक्ति वा संस्था नेपाली हुनु पर्नेछ।
२. ठेक्का कबोल अंकको ५ प्रतिशत रकम श्री एन.आई.सी.एशिया बैंक, जगरनाथपुरमा रहेको यस कार्यालयको धरौटी खाता २३१२०५००२७९८४००६ मा जम्मा गरी सक्कलै बैंक भौचर वा सो रकम बराबरको ७५ दिने मान्य अवधिको बैङ्क जमानत संलग्न राखी दर्ता गर्नुपर्नेछ। ठेक्का फाराममा उल्लेखित रकम र धरौटी रकम फरक पर्न गएमा धरौटी रकमलाई आधार मानिनेछ।
३. रित नपुगेको तथा समयभित्र दर्ता नगराएका ठेक्का स्वीकृत गरिने छैन।
४. ठेक्का स्वीकृत वा खारेज गर्ने संम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित राखिएको छ।
५. ठेक्का सकार गरेको सम्पुर्ण रकम ठेक्का सदर भएको मितिले ३ दिन भित्र एकै पटक जम्मा गरी कार्यादेश लिनुपर्नेछ।
६. मेला कोभिड-१९ बिरुद्धको आवश्यक सुरक्षा मापदण्ड पालन गरी संचालन गर्नुपर्ने छ। साथै मेला गैर कानुनी खेल, तामासा तथा अबैध क्रियाकलाप संचालन गर्न गराउन पाईने छैन्। गरे/गराएमा सो को सम्पूर्ण जिम्मेवारी ठेक्का लिने व्यक्ति, संस्था वा कम्पनीको हुनेछ।
७. ठेक्का कबोल गरेको व्यक्ति वा संस्थाले गाउँपालिकाले मेला प्रयोजनको लागि निर्धारण गरेको दररेट भन्दा बढी दररेट लिन पाईने छैन्।
८. अन्य कुराको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

प्राण मेहता
प्रमुख प्रशासकीय अधिकृत

Website: https://jirabhawanimun.gov.np, Email.: ito.jirabhawanimun@gmail.com